संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१५, ▶▶ अंक ४०० भदौ १२ शनिबार,२०७८, August– 28 Saturday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क -९८४२९९४३३०



सडकपेटिमा ब्यापारिको मनोमानी। उदयपुर जिल्लाको सदरमुकाम गाइघाट बजारको मध्य भाग भयर जाने मदन भण्डारि लोकमार्गको सेतो पुल श्रमिक पार्कमुनि रहेको सडकपेटिमा स्थानिय हार्डवेयर पसलले फलामे रड राखेर सडकपेटि अबरुद्ध गरिरहेका छन । तस्बिर = बुद्धि कुमार राई

# व्यवस्थापन समितीको सक्रियता नहुदा मन्दिर जिर्ण अवस्थामा

❖ बेद कुमारी राई

*उदयपुर, भदौ ११*

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका १० स्थीत रहेको नव दुर्गा भगवति मन्दिर व्यावस्थापन समितिका अध्यक्ष निगम कोईरालाको सक्रियता नहुदा यस भगवति मन्दिरको संरक्षणमा कमि आएको छ।

जस्ले गर्दा अहिले मन्दिर जाने पर्यटक लगाएत आगन्तुक भक्तजनहरु मन्दिर परिसरमा घुमफिर गर्न पाएका छैनन् । मन्दिरमा रहेको स्तुपाहरुलाई झारले ढाकिएको घुम्न अप्ठेरो र हेर्न पनि नराम्रो देखिएकाले मन्दिरको सरसफाईमा कमि देखिएको छ ।

रगुमान सिहं श्रेष्ठ नामको व्यक्तिले २०२८ सालमा मन्दिरकोलागी जग्गा छुट्याई यस



मन्दिरको स्थापना साथै पुजा गरेर सुरुवात गरेका थिए। पछि २०५८ सालमा प्रमुख जिल्ला अधिकारी सिताराम पोखरेलको नेत्रित्वमा कर्मचारीबाट मालपोत हाकीमको अध्यक्षतामा सदर्शन बिगठन गरिएको थियो त्याहादेखि मालपोत हाकीम मन्दिरको अध्यक्ष र कर्मचारीको

*बाकी २ पेजमा-*



२०६३ साल बैशाख ७ गते बुधबारदेखि प्रकाशन सुरु भएको मुलुकी खबर दैनिक आगामी २०७८ साल भदौ १८ गते शुक्रबार १६ औ बार्षिक उत्सबमा मुलुकी दैनिक कस्तो लाग्दैछ ? लेख शुभकामना बिज्ञापन दिन इच्छुक ब्यक्ति संस्थाले सम्पर्क गर्नुहोला। सम्पर्क - बुद्धि कुमार राई सम्पादक ९८४२९८५१८८


# त्रियुगा उद्योग बाणिज्य संघको ल्यापटप अध्यक्ष गजेन्द्र भगतले किन घर लगे ?

❖ बिक्रम राई

*उदयपुर, भदौ ११*

त्रियुगा उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष तथा केन्द्रिय सदस्य समेत रहेका गजेन्द्र कुमार भगतले कार्यालयको ल्यापटप चोरी शैलीमा लगेको भन्दै संघका अन्य पदाधिकारिहरुले आपत्ति जनाएका छन् ।

संघको पूर्व अध्यक्ष तथा केन्द्रिय सदस्यसमेत रहेका भगतले आफ्नो मर्यादालाई विर्सिदै कार्यालयको ल्याप्टप जुम मिटिङका लागि भनेर चोरी शैलीमा आफ्नो झोलामा हालेर लगेको भन्दै पदाधिकारीहरुले बिज्ञाप्ती मार्फत आपत्ति जनाएका हुन् ।



संघमा अध्यक्ष भगत र अन्य बहुसंख्या पदाधिकारि सदस्यहरुबीच लामो समययता विवाद छ।भगतले गरेको यो शैली दादागीरी र चोरीको हर्कत भएको भन्दै कार्यालयका कर्मचारीहरुले भगत सहित अन्य ३ जना बिरुद्ध चोरी आरोपमा प्रहरीमा समेत निवेदन दिएका थिए । तर त्यो निवेदन दर्ता भएको छैन्।आपसी मामिलालाई एक पटक सम्पूर्ण संघका पदाधिकारी बिच छलफल गराईने भन्दै निवेदन दर्ता नगरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । पटक पटकको प्रयासमा पनि भगतले साधारण सभा गर्न नसकेको र कयौं पटक म्याद थपेर संघ चलाइएको अवस्थामा अहिले कार्यसमितिको सम्पूर्ण म्याद र कार्याकाल सकिसकेको छ । समितिको म्याद सकिएपछि सचिवालयको मातहतबाट कार्यालयको काम भईरहेको अवस्थामा अध्यक्ष भगतले कर्यालयमा आएर धम्कि दिने र संघको प्रशासनिक काम काजमा अबरोध गर्ने र मानसिक दवावहरु दिरहेको विज्ञाप्तीमा उल्लेख छ।भगतले ल्याप्टप झोलामा हालेर अर्को व्यक्तिलाई दिएर आफु स्कुटर छाडेर भागेको बिज्ञाप्तीमा भनिएको छ ।

यता कार्यालय सचिवालय तथा कर्मचारीहरुले भने भगतले ल्याप्टप चोरेकै आरोपमा निवेदन दिएका छन् । कार्यालय सचिव डिल्लि प्रसाद उप्रेती र कार्यालय सहायक सन्जीव श्रेष्ठले ल्याप्टप चोरीको आरोपमा भगत विरुद्ध प्रहरीमा निवेदन दिएको हो।भगतले कार्यलयको टेवुलमा

*बाकी २ पेजमा*

## हार्दिक निमन्त्रणा



स्वर्गिय मिथिला राई

हाम्रा पुजनिय आमा स्वर्गिय मिथिला राइको मिति २०७८ साल साउन २७ गते बुधबार असामायिक दुखद निधन भएकोमा स्वर्गिय मिथिला राइको यहि मिति २०७८ साल भदौ १२ गते शनिबार बिहान ११ बजे निज निबास गाईघाट लालिगुरास बोडिङमा सुद्याई कार्यक्रम गर्ने भएकोले सम्पुर्ण मलामिजन, आफन्त, शुभचिन्तकहरुलाई उपस्थित भइदिनुहुन अनुरोध छ।

### कार्यक्रम

*मिति- २०७८ साल भदौ १२ गते शन्बिार*
*स्थान- निज निबास लालिगुरास बोर्डिङ स्कुल गाईघाट, उदयपुर*
*समय- बिहान ११ बजे*

### प्रार्थी

छोराहरु : सचिन सागर राई, समिप सागर राई
छोरी : निक्की राई

सम्पादकीय

## त्रियुगा उद्योग बाणिज्य संघको बिबाद चाँडो समाधान गर ।

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुर पछिल्लो समय बिबादै बिबादमा फसेको छ। ब्यापारीहरुको हक हितको निम्ति स्थापित संस्था अहिले केही ब्याक्तिको कारण संस्था बद्नाम र बेइज्जतको भुमरीमा फसेको छ। कार्यालय समय भित्र आएर कर्मचारीलाई हप्कीडप्की गरेर भ्रुक्याएर कार्यालयको संस्थागत कागजपत्र भएको ल्यापटप चोरी शैलीमा अध्यक्ष गजेन्द्र भगतले लैजानु कहाँसम्मको बेईजतको कुरा हो ? अझ त्यसमा कार्यालयका कर्मचारीले अध्यक्ष गजेन्द्र भगत सवार स्कुटर कार्यालयमै छोडेर भाग्नु कहाँ सम्मको इज्जतको कुरा हो ? अहिले अध्यक्ष गजेन्द्र भगत सवार स्कुटर नगर प्रहरी कार्यालयमा रहेको छ।

२०७८ साल साउन ३२ गते देखि सबै कार्यसमितिको कार्यकाल सकिएको जानाकारी गराईसक्दा पनि अध्यक्ष भगत मात्र किन कार्यालय गईरहे ? कार्यालयका कर्मचारी प्रशासनले सुचना टाँस गरी सबै कार्यसमितिको कार्यकाल सकिएको जानाकारी गराए पश्चात कार्यालय गएर कर्मचारीलाई हप्की डप्की दिएर थर्कमान गराउने गर्दा गर्दै भदौ १० गते बिहिबार त कार्यालयको ल्यापटप नै भ्रुक्याएर हडपेर अध्यक्ष भगतले लगे। उदयपुर जिल्ला सदरमुकाम गाईघाटमा अबस्थित त्रियुगा उद्योग बाणिज्य संघमा यत्रो रमिता हुँदा समेत यस संस्थाका संस्थापकहरुले किन यस कार्यलाई हस्तक्षेप नगरेको हो ? एक ब्याक्तिको कारण एउटा सामाजिक संस्था यति धेरै बद्नाम हुनुपर्ने ? हो केही ब्याक्तिको ब्याक्तिगत स्वार्थ छ भन्दैमा केटाकेटी पारामा एकै छिनमा बिज्ञप्ती प्रकाशन गर्ने, ल्यापटप नै बोकेर घर लग्ने ? कार्यालयको माईन्युट, झोला चोरी गर्ने यो कहाँ सम्मको इज्जत प्रतिष्ठाको कुरा हो ? यो संस्थामा यति मरिहत्ते गर्नु पर्ने के छ कारण ? अध्यक्ष गजेन्द्र कुमार भगत दुई दुई पटक अध्यक्ष भएर अहिले केन्द्रिय सदस्य रहेका छन् उनी किन यति धेरै यही संस्थामा रहि रहन चाहान्छन्। किन संस्थालाई बिबाद र अनिर्णयको बन्दी बनाउन चाहान्छन् ? किन उनी आफु निकटको ब्याक्तिलाई यो संस्थामा ल्याउन चाहान्छन् ? केही न केही यो संस्थासँग उनको स्वार्थ लुकेको छ। यो संस्था स्थापना हुँदा संस्थापकहरु अझै जिवितै छन्। सहि ब्याक्ति नेतृत्वमा ल्याउन नसक्दा अहिले यो संस्थाले यो नियति भोग्न परिरहेको छ।

जो जो ब्याक्तिले गजेन्द्र कुमार भगलाई दोस्रो कार्यकालको लागि ज्यान दिएर मरिमेटी लागेका थिए नि उनीहरुले अहिले यो फल पाईरहेका छन्। तिन बर्षे कार्यकाल अहिले ६ बर्ष हुन लाग्यो खोई त काम ? अदालतसम्म मुद्दा लगेर बिबादित बनाईदिए। संस्थाको बदनाम गरिदिए। अझ अहिले आएर संस्थाको कार्यालयमा रहेको कर्मचारीले दैनिक काम काजमा प्रयोग गर्ने ल्यापटप नै चोरी शैलीमा लगेर कहाँ सम्मको नामी काम गरे अध्यक्षले ? हो ब्याक्ति गलत हुन सक्छ तर संस्था र संस्थाको उदेश्य गलत कदापी हुँदैन। कोही गलत ब्याक्तिको कारण संस्था अनिर्णयको बन्दी बन्नु हुँदैन र हुन दिनु हुँदैन। जिल्लाको सदरमुकाम मा रहेको त्रियुगा उद्योग बाणिज्य संघको बिबाद अन्त्य गरेर नयाँ सक्षम नेतृत्व ल्याउन हामीले पनि पहल गर्नुपर्दछ। यो हामी सबैको दायित्व पनि हो।

### भारत.......

सी मा सुर्खेतको आरसी ३२ एकेडेमीले भर्सिटी एफसीलाई ८-० को भारी अन्तरले पराजित गरेको छ। टोलीलाई जिताउन ह्याट्रिक गर्ने बबिन बोहरा म्यान अफ द म्याच चुनिए। उसो त खेलको अन्तिम सेकेण्डमा भर्सिटीका महेन्द्र कार्कीले दोहोरो पहेँलो कार्डमा रातो कार्ड खाँदै मैदान छाड्नुपरेको थियो। त्यसपछि दोस्रो खेलमा पश्चिम काठमाडौँ एफसी र सुर्खेतको मेहलकुना एएफसीले समुह डी मा २-२ को बराबरी खेलेका थिए। एक गोलको अग्रता जोगाउन नसक्दा काठमाडौँ बराबरीमा रोकिनुपर्‍यो। खेलको दोस्रो मिनेटमा नै पेनाल्टीमार्फत पश्चिम काठमाडौँका राजु गुरुङले अग्रता दिलाएका थिए। तर१३ औं मिनेटमा विजय रोकाया र २४ औं मिनेटमा खगेन नेपालीले मेहलकुनाको लागि गोल फर्काएका थिए। ५९ औं मिनेटमा पश्चिम काठमाडौँका रितेश क्षेत्रीले गोल गरेपछि खेल २-२ को बराबरीमा सकिएको थियो। मेहलकुनाका विजय म्यान अफ द म्याच चुनिएका थिए। उता रुसमा भइरहेको ११ औं फिफा बिच् सकर विश्वकपको सेमिफाइनल खेलहरु आजबाट सुरु हुँदैछ। बालुवामाथि खेलिने फुटबलमा आज रुस फुटबल युनियनले स्वीजरल्याण्ड र जापानले पहिलोपटक सेमिफाइनल आइपुगेको सेनेगलसँग प्रतिस्पर्धा गर्दैछ।

# उदयपुरमा ७ बर्षिय बालकको पहिरोमा परि मृत्यु

❖ मुलुकी संवाद्दाता

*उदयपुर, भदौ ११*

उदयपुरमा एक ७ वर्षीय बालकको पहिरोमा परेर ज्यान गएको छ। कटारी नगरपालिका वडा नम्बर २ मिलन चौक बस्ने पोष्ट बहादुर मगरको छोरा कर्ण मगरको पहिरोमा परी ज्यान गएको हो।

शुक्रबार साढे १ बजेको समयमा घर नजिक रहेको आँप खहरे खोलामा खेल्ने क्रममा माथिबाट अचानक पहिरो गई निज बालक शक्त घाईते भएका थिए। घाईते बालकलाई उपचारको लागि कटारी अस्पताल लैजाने क्रममा उनको बाटोमै ज्यान गएको थियो। मृत बालकको शवलाई घरमा



ल्याई राखेको भन्ने खबर ईलाका प्रहरी कार्यालय कटारीमा प्राप्त हुना साथ ईलाका प्रहरी कार्यालय कटारी उदयपुरबाट प्रहरी निरिक्षक सहितको प्रहरी टोलि खटि गई कानुनी प्रकृया अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

# पहिरोले एक घर पुरिए

❖ मुलुकी संवाद्दाता



*उदयपुर, भदौ ११*

दुई दिनदेखिको लगातारको वर्षातले उदयपुरमा एक घर पहिरोले पुरिएको छ। विहिबार राति रौतामाई गाउँपालिका ६ बोलुङ्गामा पहिरो जाँदा अर्जुन विकको घर पुरेको छ। यस बारे रौतामाई गाउँपालिका अध्यक्ष गजेन्द्र बहादुर खड्कासँग बुझ्न खोज्दा घर पुरिएको बारे जानकारी आएपनि क्षतिबारे पूर्ण जानकारी आई नपुगेको बताए। मानवीय क्षति नभएको र थप विवरण आउँन बाँकी रहेको छ।

### त्रियुगा.......

रहेको ५८ हजार बराबरको लेनोभो ल्याप्टप चोरेको निवेदनमा उल्लेख गरिएको छ। प्रदेश २-०३-००३-९४३८ नम्बरको स्कुटरमा कार्यलय परिसरमा आएर कार्यालय प्रवेश गरी टेवुलमा राखिएको सार्वजानिक ल्याप्टप झिकी आफ्नो झोलामा राखेको निवेदनमा उल्लेख गरिएको छ। उक्त ल्याप्टप झोलामा हाली बाहिर निस्कने क्रममा झोलामा के बोक्नु भएको हो भन्दा म हेर्न दिन्न भन्दै भगत भागेको निवेदनमा उल्लेख गरिएको छ।

उक्त ल्याप्टप चोरी पश्चात मनोहर खतिवडालाई दिई निज भगत बेपत्ता अवस्थामा रहेको निवेदनमा उल्लेख गरिएको छ। भगत बारे मनोहर खतिवडालाई बुझ्दा भगतले भनेको कुरालाई उदृत गर्दै आफ्नो ल्याप्टप उक्त संघबाट ल्याएको र त्यो ल्याप्टप सुनिल शाहाकोमा पुराई दिनु भनि छाडिदिएकाले मैले सुनिलकोमा पुराईदिएको छु भन्ने कुरा नविन वस्नेतलाई फोनमा मनोहरले भनेको उल्लेख छ।

निवेदनमा लेखिएको छ। प्रहरी कार्यालयमा ल्याप्टप चोरी बारे सबुद प्रमाणहरु सहित निवेदन दिएको उल्लेख गरिएको छ। सबुद प्रमाण बारे निवेदनमा उल्लेख गरिएका बुदाहरु भगतले चढेर आएको स्कुटर छाडेर गएको, मनोहर खतिवडा र नविन वस्नेत विचको फोन कुराकानी र त्रियुगा नगरपालिका ११ का कवित श्रेष्ठले ल्यापटप चोरी भाग्दै देखेको निवेदनमा उल्लेख छ। यता पूर्व अध्यक्ष भगतले आफ्नै ल्याप्टप चोरी नगरेको बताएको छ। आफ्नै कार्यालयमा मैले कसरी ल्याप्टप चोरी गरेको हुन सक्छ उनले भनेका छन्। स्कुटर कार्यालयमै छाडेर ल्याप्टप लिई भाग्नु भो रे भन्दा पानी परेका कारण मैले स्कटर छोडेर गाडीमा चडेर आफु गएको अध्यक्ष भगतले प्रतिक्रिया दिएका छन्। भगतको स्कुटर अहिले प्रहरीको नियन्त्रणमा छ।

### ब्याबस्थापन.....

रुपमा काम गरीरहेको कोइरालालाई त्यसै बखत मन्दिरको सदस्यको रुपमा कार्य गर्ने थालेका थिए। कोइराला अहिले अध्यक्ष भएका छन्। उनिहरुकै परिसरमा अध्यक्ष र सदस्यभएर पुजा सञ्चलन गरे। पुजा सञ्चालन गरे लगत्तै टोल सुधार जस्ता बजार विकास देखिएकोले निरन्तर रुपमा २०६१ सालमा समिति चयन गरेर भिमप्रशाद पोखरेललाई अध्यक्ष बनाइको हो। ४ बर्षे कार्यकालमा उनी २०७० सालमा अध्यक्ष भएका थिए भने अहिले पनि कोईराला नै छन्। हाल १३ जना कार्यसमितीमा अध्यक्ष निगम कोइराला,सचिव कल्यण विक्रम बोहोरा,सहसचिव जिवन पाण्डे,कोसादक्ष्य जसि राई र बाँकी सदस्यको नेत्रित्वमा रहेको यस मन्दिरमा सरसफाईको कमि भएको छ। दशैमा मात्र पुरै मन्दिरको सरसफाई हुने अध्यक्ष कोइरालाले भनाइ रहेको छ।



आयो टुप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन यो
इन्द्रै बिन्नि गरुन झुकेर पदमा त्यो बिन्नि मान्दैन त्या

जन्म
वि.स. -
२०१७ साल साउन
२१ गते



निधन
वि.स. -
२०७८ साउन २७ गते
बुधवार

स्वर्गिय - **मिथिला राई**

उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नम्बर ११ गाईघाट निबासी लालिगुरास सेकेन्डरी बोडिङ स्कुलका सञ्चालक निजी तथा आबाशीय बिद्यालय संगठन (प्याबसन)का केन्द्रिय सदस्य, त्रियुगा नगर पालिका उदयपुरका प्रथम मेयर स्वर्गिय लालशेर राईका धर्मपत्नी मिथिला राईको २०१७ साल साउन २१ गते जन्म भई २०७८ साल साउन २७ गते बुधबार असामायिक दुखद निधन भएकोमा स्वर्गिय मिथिला राईको आत्मा शान्तिको कामदा गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछौ । साथै शोक सन्तप्त परिबार प्रति गहिरो समबेदना प्रकट गर्दै परिबार प्रति धैर्यधारणा गर्ने शक्ति मिलोस भन्ने कामना गर्दछौ ।

**बुद्धिकुमार राई**
(सम्पादक)
मुलुकी
www.majhkharka.com / mulukikhabar.com
नेपाल पत्रकार महासंघ उदयपुर
(सदस्य)

**भरत चामलिङ राइ**
**मनु चामलिङ राई**
(भतिजी जुवाई)
रबिन रेजु राई
बबिता राई
रिहाङ राई
फलाम सिङ राई
तथा बिके किराना पसल
त्रिनपा ११ गाईघाट
उदयपुर

**महेश्वर चामलिङ राई**
(प्रकाशक)
मुलुकी

**बिमल राई**
**भतिज**
(बैजु गिफट पसल)

**किरण राई, कबिता**
**भाञ्जा**
(जिके पुस्तक पसल)

**किशोर राई, सिमा राई**
**भाञ्जा**
(रियाज पेट्रोल पम्प)

**किशन राई,सपना राई**
**भाञ्जा**
(रुमन मिनी मार्केट)

# भारतले नेपालविरुद्ध सिनियर टोली पठाउने

❖ बिबेक राई

*उदयपुर, भदौ ११*

भारतले नेपालसँग खेल्ने भनिएको मैत्रीपूर्ण खेलको लागि आफ्नो सिनियर टोली नै पठाउने भएको छ। यसअघि भारतका मुख्य प्रशिक्षक इगोर स्टीम्याकले नेपालविरुद्धको खेलमा आफ्ना सिनियर टोली नपठाउने बताएका थिए।

उनले नजिकिँदो साफ, एएफसी एशियन कप छनौटको लागि सिनियर टोलीका खेलाडी बचाएर राख्ने, कोरोनाको समयमा जोखिम नलिने, विभिन्न देशको आ-आफ्नो क्वारेन्टाइन नियम आदि धेरै कारणले बरु २३ वर्षमुनिका यू-२३ टोली पठाउन उपयुक्त हुने बताएका थिए।

तर नेपालविरुद्धको मैत्रीपूर्ण खेलका लागि उनले शुक्रबार घोषणा गरेको २५ सदस्यीय टोली अनुसार भारतको

*तर नेपालविरुद्धको मैत्रीपूर्ण खेलका लागि उनले शुक्रबार घोषणा गरेको २५ सदस्यीय टोली अनुसार भारतको सिनियर टोली नै नेपाल आउनेभएको हो। नेपालको लागि कुवेती मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले पनि यसअघि नै २५ जनाकै टोली घोषणा गरेका थिए। भारतीय प्रशिक्षक स्टीम्याकले घोषणा गरेको टोलीमा चर्चित खेलाडी एवम् कप्तान सुनिल क्षेत्रीसँगै भर्खरै एएफसी कप खेलेका बैंगरुलु र मोहन बगानका मुख्य खेलाडी समेटिएका छन्।*

सिनियर टोली नै नेपाल आउनेभएको हो। नेपालको लागि कुवेती मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले पनि यसअघि नै २५ जनाकै टोली घोषणा गरेका थिए। भारतीय प्रशिक्षक स्टीम्याकले घोषणा गरेको टोलीमा चर्चित खेलाडी एवम् कप्तान सुनिल क्षेत्रीसँगै भर्खरै एएफसी कप खेलेका बैंगरुलु र मोहन बगानका मुख्य खेलाडी समेटिएका छन्। अझ त्यसअघि विश्वकप छनौटमा यूएई र कतारजस्ता बलिया राष्ट्रसँग खेलेका १६ खेलाडी पनि समेटिएका छन्।

भारतीय टोलीमा अमृन्दर सिंह, धिरज सिंह मौरांगथेम, गुरप्रित सिंह सन्धु गरि तीन गोलरक्षक र प्रितम कोटाल, चिंगलेनसाना सिंह कोन्साम, मन्दर राओ देशाइ, आकाश मिश्रा, राहुल भेके, सुभाशिष बोस र सेरीटोन फर्नान्डेस छन्। त्यस्तै ललेङमविया, विपिन सिंह, अनिरुध थापा, सहल अब्दुल समद, ब्राण्डोन फर्नान्डेस, लिस्टन कोलाको, यासिर मोहम्मद, ग्लान मार्टिन्स, सुरेश सिंह वाङजाम, जेकसन सिंह र प्रोने हल्देर पनि टोलीमा परेका छन्। स्ट्राइकरमा मानविर सिंह, रहिम अलि, फारुख चौधरी र सुनिल क्षेत्री छन्।

भारतीय टोली यहि शनिबार नेपाल आउनेछ। आउँदो सेप्टेम्बर २ र ५ तारिख नेपाल र भारतले काठमाडौँस्थीत दशरथ टोलीभने पोखरामा बन्द प्रशिक्षणमा व्यस्त छ। पछिल्लोपटक नेपाल र भारतको भेट २०१८ को विश्वकप छनौटको लागि मार्च २०१५ मा नेपालमै भएको थियो। त्यतिबेला दुवै टोलीले दशरथ रंगशालामा गोलरहित बराबरी खेलेका थिए। नेपाल र भारतको ईतिहाँस हेर्दा भारतले १३ जीत, चार बराबरी र दुईमा मात्र हार व्योहोरेको छ।

दुवै टोली अहिले नजिकिँदो साफ च्याम्पियनसिपको तयारीमा छन्। साफमा भारत सर्वाधिक सफल टोली होभने नेपाल साफको फाइनलपनि पुग्न सकेको छैन। तर साग गेम्समा नेपालले स्वर्ण पदक जितिसक्केको ईतिहाँस छ। यता शुक्रबार भएको सी डिभिजन छनौट समुह

*बाकी ३ पेजमा-*






| जन्म |
|---|
| बि.स. - |
| २०१७ साल साउन |
| २१ गते |

| निधन |
|---|
| बि.स. - |
| २०७८ साउन २७ गते |
| बुधवार |

**स्वर्गिय - मिथिला राई**

हाम्रो आमा उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नम्बर ११ गाईघाट निबासी लालिगुरास सेकेन्डरी बोडिङ स्कुलका सञ्चालक निजी तथा आबाशीय विद्यालय संगठन (प्याबसन)का केन्द्रिय सदस्य, त्रियुगा नगरपालिका उदयपुरका प्रथम मेयर स्वर्गिय लालशेर राईका धर्मपत्नी मिथिला राईको २०१७ साल साउन २१ गते जन्म भई २०७८ साल साउन २७ गते बुधवार असामायिक दुखद निधन भएकोमा स्वर्गिय आमा मिथिला राईको आत्मा शान्तिको कामदा गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछौं।

छोरा बुहारीहरु
सचिन सागर राई, शुष्मा राई

छोरी
निक्की राई

छोरा बुहारीहरु
समिप सागर राई, खुश्बु राई

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट